पोखरा उपत्यका साइडसिन घुम्न जाऔं
घुमाउने ठाउँहरू
बेगनास–रुपा ताल, पचभैया बन्यजन्तु पार्क (चिडिया घर), पुम्दीकोट, स्तुपा, डेभिडफल, भ्यूटावर, चमेरे गुफा, विन्दवासिनी मन्दिर, माउन्टेन म्यूजियम लगायतका ठाउँहरु साथै मुक्तिनाथ जान आउनको लागि बसको सुबिधा।
गाडी छुट्ने समय बिहान ९:३० बजे

सम्पर्कः मानसरोबर टुर्स एण्ड ट्राभल्स
061-544439, 589012, 9856051659
9856034631, 9856082622

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २६ ❑ अङ्क ७६ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ चैत १७ गते आइतबार ❑ 30 March 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।–

## आन्दोलनका नाममा हिंसा गर्ने जोसुकैलाई कारबाही हुन्छ: मन्त्री गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत



सञ्चार तथा सूचना प्रविधिमन्त्री पृथ्वीसुब्बा गुरुङले आन्दोलनका नाममा हिंसा भड्काउने जोसुकैलाई कारबाही हुने बताउनुभएको छ।

नेपाल सुनचाँदी व्यवसायी महासंघको १२औँ वार्षिक साधारणसभाको शनिबार पोखरामा उद्घाटन गर्दै उहाँले सरकारले अराजक, अनुशासनहीन गतिविधि हेरेर नबस्ने र व्यवस्थाविरोधी गतिविधि गर्नेलाई कारबाही गरिने बताउनुभएको हो। अहिलेको व्यवस्थाको विकल्प नरहेको र व्यवस्थाविरुद्धमा हुने गतिविधिलाई कुनै पनि हालतमा छुट दिन नसकिने भन्दै मन्त्री गुरुङले चित्त नबुझे अहिलेको व्यवस्थाअनुसार रहेक पाँच वर्षमा हुने चुनावबाट आफ्नो मुद्दा स्थापित गर्न सुझाव दिनुभयो। "हामीले मन्त्रिपरिषद् बैठकबाट निर्णय गरिसकेका छौँ, यस्ता गतिविधिमा सङ्लग्नलाई छानबिन गरेर कारबाही हुन्छ", उहाँले भन्नुभयो,"राजतन्त्र आफ्नै कारणले सक्किएको हो। आफ्नो परिवार र संस्था बचाउन नसक्नेले फेरि देश र तीन करोड नेपालीलाई कसरी बचाउन सक्छ ? संविधानको खिलापमा कुनै गतिविधि मा नगरौँ।" व्यवस्था परिवर्तन भए पनि सोअनुसार कानुन परिवर्तन नहुँदा जनताबाट अपेक्षित काम गर्न समस्य भएको भन्दै सरकारका प्रवक्ता गुरुङले यही अवस्थालाई दृष्टिगत गर्दै सरकारले आवश्यक कानुनहरूको निर्माणमा जोड दिएको बताउनुभयो। उहाँले सरकारका कामलाई प्रभावकारी बनाउन विद्यमान विभिन्न १२ वटा ऐन संशोधन गर्ने तयारी भइरहेको समेत बताउनुभयो।

मन्त्री गुरुङले वर्तमान सरकारले आर्थिक रूपमा संकटमा गर्ने अवस्थाबाट मुलुकलाई जोगाएको जिकिर गर्दै आवश्यकताका आधारमा मात्रै ऋण लिने नीतिअनुसार सरकार अगाडि बढेको बताउनुभयो। उहाँले सुनचाँदी व्यवसायलाई व्यवस्थित बनाउका लागि आवश्यक नीतिगत व्यवस्थाका लागि सरकारले पहल गर्ने उहाँले बताउनुभयो।

प्रतिनिधिसभा सदस्य दामोदर बैरागीले सुनचाँदी व्यवसायको सुरक्षा प्रत्याभूति गराउनका सोहीअनुसार विधि र प्रणालीलाई व्यवस्थित गर्दै जानुपर्ने बताउनुभयो। महासंघका अध्यक्ष अर्जुन रसाइलीले व्यवसायलाई थप व्यवस्थित बनाउन महासंघ निरन्तर लागिरहेको बताउनुभयो।

## स्वतन्त्र प्रेसलाई जोगाउन सञ्चार जगत् एकताबद्ध हुनुपर्नेमा अध्यक्ष दाहालको जोड

**रासस**
काठमाडौं, १६ चैत




नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले पूर्वराजाका समर्थकले गरेको तोडफोड र आगजनीका घटना कुनै हालतमा क्षम्य नभएको बताउनुभएको छ।

प्रेस सेन्टर नेपालको पाँचौँ राष्ट्रिय महाधिवेशनको आज यहाँ उद्घाटन गर्दै उहाँले सार्वजनिक तथा निजी सम्पत्ति तोडफोड र आगजनी गर्नेमाथि कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो। "गणतन्त्रवादीले निरङ्कुशतावादी र आपराधिक मनस्थितिका मान्छेलाई कडा कारबाही गरेर जनतहितमा अगाडि बढ्ने यो सही समय हो", अध्यक्ष दाहालले भन्नुभयो, "सरकारले यो बेलामा कडा कदम चाल्यो भने हाम्रो समर्थन हुन्छ, तर सरकारले फेरि सम्झौता गर्ने र उनीहरुलाई मनोमनी गर्ने अवसर दियो भने त्यसले देशलाई फाइदा गर्दैन ।" राजावादीले स्वतन्त्र प्रेसलाई आक्रमणको निशाना बनाएको उल्लेख गर्दै अध्यक्ष दाहालले समाजलाई पछाडि धकेल्ने प्रवृत्तिविरुद्ध सिङ्गो सञ्चार जगत् एकताबद्ध हुनुपर्नेमा जोड दिनुभयो। "अग्रगमन, शान्ति, विकासको चेतना फैलाउने प्रेस सामन्तीको निशाना बन्यो", उहाँले भन्नुभयो, "निरङ्कुश प्रवृत्ति रोक्न सञ्चार क्षेत्रले विशेष भूमिका निर्वाह गर्नुपर्छ, यसो गर्न विलम्ब नगर्नुहोला।"

मुलुकको राजनीतिक परिवर्तनमा विगतदेखि नै सञ्चार क्षेत्रको योगदान रहेको जनाउँदै अध्यक्ष दाहालले लामो सङ्घर्षबाट स्थापित सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ बनाउन प्रेसको अझ सशक्त हुनुपर्ने बताउनुभयो। साथै उहाँले उत्कृष्ट पत्रकार तथा सेन्टरका शाखाहरुलाई सम्मान भयो । माओवादी केन्द्रका उपाध्यक्ष अग्निप्रसाद सापकोटाले मुलुक समाजवादी यात्रामा अघि बढिसकेकाले पश्चगमनतर्फ फर्कने प्रयास कुनै हालतमा मान्य नहुने बताउनुभयो । पार्टीका उपमहासचिव जनार्दन शर्माले गणतन्त्रवादी शक्तिले आफूलाई सुधारेर सामन्तवादका विरुद्ध एकताबद्ध हुँदै जनभावनाको कदर गर्नुपर्ने बताउनुभयो। प्रेस सेन्टरका संस्थापक महेश्वर दाहालले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताका पक्षमा सङ्गठन सदैव क्रियाशील हुने बताउनुभयो। नेपाल पत्रकार महासङ्घ, प्रेस युनियन नेपाल, प्रेस चौतारी नेपाललगायत पत्रकार सङ्घसङ्गठनका अध्यक्ष तथा प्रतिनिधिले गणतन्त्रको विकल्प निरङ्कुश राजतन्त्र हुननसक्ने भन्दै प्रेस स्वतन्त्रता र जनअधिकार रक्षाका लागि खबरदारी गरिरहने प्रतिबद्धता व्यक्त गर्नुभयो।

## पोखरामा दुई दिवशीय अन्तरर्राष्ट्रिय सम्मेलन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत




'दीगो पर्यटन, नवीनता र आर्थिक विकासका लागि उच्च शिक्षाको भूमिका' विषयक दुई दिवशीय अन्तरर्राष्ट्रिय सम्मेलन शनिबारदेखि पोखरामा सुरु भएको छ।

कालिका बहुमुखी क्याम्पस पोखराद्धारा आयोजित सम्मेलनमा नेपालसहित जापान, बेलायत, बङ्गलादेश, थाइल्याण्ड, अमेरिकालगायत देशबाट विभिन्न ३० वटा विश्वविद्यलाय एवं क्याम्पसबाट एक सय ५० जनाको सहभागिता रहेको छ।

सम्मेलनको उद्धाटन गर्दै विश्वविद्यालय अनुदान आयोगका अध्यक्ष प्रा डा देवराज अधिकारीले आर्थिक विकास र दीगो पर्यटनका लागि उच्च शिक्षाको अहम् भूमिका हुने बताउनुभयो । उहाँले उच्च शिक्षाको पाठ्यक्रम व्यावसायिकता प्रवर्द्धन र उत्पादित जनशक्तिको उपयोग हुनेखालको हुनुपर्नेमा जोड दिनुभयो। त्रिभुवन विश्वविद्यालय व्यवस्थापन सङ्कायका डिन प्रा डा महानन्द चालिसेले देशमा अध्ययनरत विद्यार्थीमध्ये अधिकांश व्यवस्थापन विषयका भएको उल्लेख गर्दै स्वदेशमा नै उनीहरूको उपयोग हुने वातावरण तयार निर्माणको खाँचो औँल्याउनुभयो । कालिका बहुमुखी क्याम्पस सञ्चालक समितिका अध्यक्ष किरण केसीले क्याम्पसले गुणस्तरीय शिक्षामा जोड दिँदै विभिन्न कार्यक्रम सञ्चालन गरिरहेको बताउनुभयो। क्याम्पस प्रमुख वीरञ्जी गौतमले गुणस्तर सुनिश्चित तथा प्रत्यायन( क्युएए)प्राप्त क्याम्पसद्वारा गरिएको यस किसिमको कार्यक्रम पोखराको पर्यटन र आर्थिक विकासका लागि महत्वपूर्ण अवसर भएको धारणा राख्नुभयो। कार्यक्रममा वरिष्ठ पर्यटन व्यवसायी गणेशबहादुर भट्टराई, बैभव पौडेललगायतले पाठ्यक्रम र व्यवसायबीचको तालमेल हुनु जरुरी भएको धारणा राख्नुभयो। ओटिएस एकेडेमी युकेको सह आयोजना एवम् विश्वविद्यलाय अनुदान आयोग, व्यवस्थापन सङ्काय त्रिभुवन विश्वविद्यालय, पोखरा महानगरपालिका र केसी ग्रुपको सहयोगमा आयोजित कार्यक्रममा विभिन्न प्राध्यापक एवम् अनुसन्धाताका विषयगत प्रस्तुतीसँगै विभिन्न विषयमा समूहगत छलफल रहने आयोजकले जनाएको छ।

## पूर्वराजाले प्राप्त सुविधाको दुरुपयोग गरे : कांग्रेस

**रासस**
काठमाडौं, १६ चैत

नेपाली कांग्रेसले पूर्वराजा ज्ञानेन्द्र शाहले राज्यद्वारा प्राप्त सेवा सुविधा र सहजताको दुरुपयोग गरेको निष्कर्ष निकालेको छ।

कांग्रेस पदाधिकारी र पूर्वपदाधिकारीको शनिबार बसेको बैठकमा शुक्रबार काठमाडौँको तीनकुनेमा पूर्वराजा समर्थकहरूले हिसांत्मक प्रदर्शन गरेको सम्बन्धमा समीक्षा भएको थियो । बैठकपछि पार्टी प्रवक्ता डा प्रकाशशरण महतले बैठकले हिजोका गतिविधिको गम्भीर समीक्षा गर्दै भर्त्सना गरेको बताउनुभयो। उहाँले आक्रमण गर्ने स्थान नै घोषणा गरेर तोडफोड र अराजकता सिर्जना गरेको भन्दै त्यसको जिम्मेवारी पूर्वराजा ज्ञानेन्द्रले लिनुपर्ने सम्बन्धमा छलफल भएको बताउनुभयो । सभापति शेरबहादुर देउवा निवास बुढानिलकण्ठमा भएको बैठकले हिंसा भड्काउने र हिंसामा सामेल हुने व्यक्तिहरूलाई अविलम्ब कानूनी कारबाहीको दायरामा ल्याउन सरकारसँग माग गरेको छ।

## कामपाले पूर्वराजालाई तोक्यो सात लाख ९३ हजार जरिवाना

**रासस**
काठमाडौं, १६ चैत

काठमाडौँ महानगरपालिकाले तीनकुने क्षेत्रमा शुक्रबार भएको प्रदर्शनका क्रममा रुख, बिरुवा तथा रेलिङ तोडफोड र वातावरण प्रदूषण गरेको भन्दै पूर्वराजा ज्ञानेन्द्र शाहलाई रु सात लाख ९३ हजार जरिवाना तोकेको छ।

महानगर प्रहरी बलले शाहको समर्थनमा प्रदर्शन भएको तीनकुने क्षेत्रको आज अवलोकन र क्षति मूल्याङ्कन गरी जरिवाना तोकेको नगर प्रहरी नायब उपरीक्षक शिवलाल पौडेलले जानकारी दिनुभयो। महानगरले प्रदर्शनस्थल आसपाससहित विभिन्न स्थानमा सडक तथा सडकपेटीमा जथाभावी फोहर गरेको कसुरमा रु छ लाख, आगजनी नियन्त्रण गर्न गएको दमकलमाथि ढुङ्गा प्रहार गरी क्षति पुऱ्याएको कसुरमा रु एक लाख तीस हजार, रुख, बिरुवा तथा रेलिङ एवं तीनकुने आइल्याण्डमा तोडफोड कसुरमा रु ६३ हजार जरिवाना र क्षतिपूर्ति तोकेको हो । पूर्वराजा शाहसहितको समर्थनमा शुक्रबार भएको प्रदर्शनमा सहभागीले सार्वजनिक तथा निजी सम्पत्तिमाथि तोडफोड र आगजनीसमेत गरेका थिए । त्यस क्रममा प्रहरीसँगको झडपमा परी एक प्रदर्शनकारीको मृत्यु र अर्को एक पत्रकारको दृश्य छायाङ्कनका क्रममा प्रदर्शनकारीले एक व्यापारिक भवनमा लगाएको आगोमा जलेर मृत्यु भएको थियो।

**वन्यजन्तु अपराध नियन्त्रण सम्बन्धी सूचना**

वन्यजन्तु पक्रने, शिकार गर्ने, आखेटोपहार राख्ने र ओसार पसार गर्ने कार्य गरेमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ बमोजिम अधिकतम दश लाख रुपैंयासम्म जरीवाना वा पन्ध्र वर्षसम्म कैद वा दुवै सजाँय हुनेछ। तसर्थ, उपरोक्त बमोजिमका निषेधित कार्यहरु नगर्न नगराउनु हुन सरोकारवाला सबैलाई हार्दिक अनुरोध छ।

अनुरोधक
गण्डकी प्रदेश सरकार

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# पत्रकार रजकको हत्याको विरोधमा पत्रकार महासंघ कास्कीले गऱ्यो विरोध प्रदर्शन

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

पत्रकार सुरेश रजकको हत्या र विभिन्न सञ्चारमाध्यममाथि भएको आक्रमणको विरोधमा पत्रकारहरुले पोखरामापनि विरोध प्रदर्शन गरेका छन् ।

नेपाल पत्रकार महासंघ कास्कीको आयोजनामा महासंघ कार्यालयबाट शुरु भएको विरोध ऱ्याली राष्ट्रबैंक चोक हुँदै सहिदचोकमा पुगेर विरोध सभामा परिणत भएको थियो ।

विरोध सभामा बोल्दै नेपाल पत्रकार महासंघ गण्डकी प्रदेश अध्यक्ष रमेश पौडेलले राजावादीको नाममा भएको आन्दोलनमा पत्रकारको हत्या गरिनु निन्दनीय भएको बताए। उनले




भने, 'निरंकुश राजतन्त्र फर्काउने आन्दोलनमा प्रेसमाथि आक्रमण हुनु र पत्रकारको हत्या हुनु दुःखद हो । यसको हामी घोर भर्त्सना गर्दछु ।'

नेपाल पत्रकार महासंघ कास्कीका पूर्व अध्यक्ष दीपेन्द्र श्रेष्ठले पत्रकार रजकको राजावादीले हत्या गरेको भन्दै घटनाको भर्त्सना गरे । उनले दोषीलाई तत्काल पक्राउ गरि कडा कारवाही गर्न माग गरे। उनले भने, 'आगलागी भएको घरमा ढोका थुनेर निस्कन नदिनु र आगो निभाउन आएको दमकललाई पनि रोकेर पत्रकार रजकको हत्या गरिएको छ, यसको जति भर्त्सना र निन्दा गरेपनि कम हुन्छ ।'

नेपाल पत्रकार महासंघ कास्कीका अध्यक्ष माधव बरालले नेपाल पत्रकार महासंघ केन्द्रको आह्वानमा विरोध प्रदर्शन गरिएको बताए । उनले प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्न माग गर्दै तत्काल दोषीलाई पक्राउ गरि कारवाही गर्न माग गरे । प्रेस युनियन कास्कीका सभापती वासु मिश्र, प्रेस चौतारी कास्कीका अध्यक्ष मोतीसागर अधिकारी, प्रेस सेन्टर कास्कीका ईञ्चार्ज सन्देश श्रेष्ठ, समाजवादी प्रेस संगठनका नेता गोविन्द सुवेदी, नेपाल पत्रकार महासंघ कास्कीका सचिव भुपाल गुरुङलगायतले पेशागत सुरक्षा र प्रेस स्वतन्त्रताको ग्यारेन्टी गर्न माग गरे ।

# रेडियो अन्नपूर्णको रक्तदानमा १ सय ३० युनिट रगत संकलन

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

रेडियो अन्नपूर्ण ९३.४ मेगाहर्ज र पोखरा इन्टरनेटको संयुक्त आयोजनामा शनिवार भएको २३ औं रक्तदानमा १ सय ३० युनिट रगत संकलन भएको छ ।

नयाँ रक्तदातालाई रक्तदान प्रति प्रोत्साहन गर्ने उद्देश्यले रेडियोले सामाजिक उत्तरदायित्व अन्तर्गत "जीवन बचाउन रक्तदान गरौं" भन्ने नाराका साथ आयोजना गरेको बृहत खुला रक्तदान कार्यक्रममा पुरुष १ सय १० र महिला २० गरि १ सय ३० जनाले रक्तदान गरेको कार्यक्रम संयोजक आरजु बिष्ट "सल्यानी"ले बताए । ६० जना रक्तदाताले पहिलोपटक रक्तदान गरे । दृष्टिविहिन रक्तदाताले पनि रक्तदान गरे । पोखरा महानगरपालिका वडा नं. ४ का वडा अध्यक्ष देवकृष्ण पराजुलीले पहिलो रक्तदाता मञ्जित तिवारीलाई ब्लड ब्याग हस्तान्तरण गरी कार्यक्रमको शुभारम्भ गरे । समाजलाई सुशुचित बनाउँदै सामाजिक उत्तरदायित्वप्रति रेडियोको महत्वपूर्ण भूमिका रहेको उनले बताए । रेडियोका प्रबन्ध निर्देशक सुनयना पालिखेले सबैको साथ र सहयोगले रेडियोले आफ्नो स्थापनाकालदेखि २३




औं संस्करण सम्म रक्तदान आयोजना गर्न सम्भव भएको भन्दै सहयोगका लागि सबैप्रति धन्यवाद व्यक्त गरिन् ।

प्रादेशिक रक्तसंचार केन्द्र पोखराका बरिष्ठ प्राविधिक महेन्द्र केसीले बर्षेनी रक्तदान आयोजना गरेर रेडियोले आम जनमानसमा जनचेतना फैलाउन महत्वपूर्ण भूमिका खेलेको बताए । नेपाल उद्योग वाणिज्य संघका पूर्व अध्यक्ष आनन्दराज मुल्मी, पोखरा उद्याग वाणिज्य संघका अध्यक्ष गोकर्ण कार्की र लायन्स क्लब अन्तराष्ट्रिय डिष्ट्रिक ३२५ का जोन चेयरपर्सन श्रीकृष्ण न्यौपाने र निर्देशक बरदान ताङ्वू लामाले बोलेका थिए । रेडियोले स्थापना कालदेखि हालसम्म ८ हजार भन्दा बढी युनिट रगत सङ्कलन गरिसकेको महाप्रबन्धक नारायण पौडेलले जनाए । कार्यक्रममा प्रादेशिक रक्तसंचार केन्द्र पोखराले प्राविधिक सहयोग गरेको थियो ।

कार्यक्रममा नेपाल बैक लिमिटेड, नेपाल बिमा प्राधिकरण, नबिल बैक लिमिटेड, श्री स्टिल इन्डष्ट्रिज, गुहेश्वरी फाइनान्स, ग्रीन डेभलपमेन्ट बैक, लायन्स क्लब अफ टुरिजम सिटी पोखरा, बराल फिड इन्डष्ट्रिज, डाबर नेपाल प्रालि, सीजी फुड्स प्रालि, तालबाराही फार्मेसी, फिस्टेल हस्पिटल एण्ड रिसर्च सेन्टर, रेजिना अफसेट प्रेस, सलिको इन्सुरेन्स लिमिटेड, नेलम्बो नेपाल, बाराही बेकरी प्रालि, पेन्गुइन ड्रिङकिङ वाटर, रियो फ्रुट्स माई बुक्स स्टेशनरी लगायतले सहयोग गरेका थिए ।

# कुनै पनि आन्दोलन र प्रदर्शनीबाट नागरिकलाई खतरामा नपार्न आग्रह

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

जुनसुकै नामका आन्दोलन र प्रदर्शनीबाट आमनागरिकको जीवन खतरामा नपार्न सरोकार भएकाहरूले सबै पक्षलाई आग्रह गरेका छन् । शनिबार पोखरामा समसामयिक राजनीतिक विषयका सम्बन्धमा प्रजातान्त्रिक विचार समाज नेपालद्वारा आयोजित गण्डकी प्रदेशस्तरीय भेलामा सहभागी वक्ताले कुनै पनि आन्दोलनका नाममा मानवीय तथा भौतिक क्षति पुऱ्याउने काम दण्डनीय भएको बताएका हुन् ।

प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष कुलचन्द्र वाग्लेले धर्मलाई राजनीतिसँग जोड्न नहुने धारणा राख्नुभयो । लोकतन्त्रले हिंसा गर नभनेकाले हिंसा दण्डनीय अपराध भएको बताउँदै उहाँले भन्नुभयो, "राष्ट्रियताको प्रतिक राजा हुन सक्दैनन्, राजा खोपीमा हुँदा पनि राणाले देश जोगाएकै थिए । हरेक नेपालीमा राष्ट्रप्रतिको माया हुन्छ ।" समाजका निवर्तमान अध्यक्ष डा केदारनरसिंह केसीले देशमा राजनीतिक अस्थिरता ल्याउने काम कहीँ कतैबाट हुन नहुने बताउँदै लोकतन्त्र समृद्ध मुलुक निर्माणका लागि उत्कृष्ट व्यवस्था भएको धारणा राख्नुभयो । लोकतन्त्रमा सबै अट्न सक्ने र शान्तिपूर्ण रूपमा आफ्ना माग राख्न पाउने अधिकार हुँदाहुँदै पनि आन्दोलनका नाममा मानवीय तथा




भौतिक क्षति पुऱ्याउने कार्य दण्डनीय भएको उहाँले बताउनुभयो। समाजका वरिष्ठ उपाध्यक्ष ईश्वरीराज लौडारीले असन्तुष्टिका विषयलाई सम्बोधन गर्न संविधान संशोधनमार्फत पनि अगाडि बढ्न सकिने धारणा राख्दै प्रदर्शनका नाममा द्वन्द्व सृजना गरी नागरिकको जीवन खतरामा पार्न नमिल्ने बताउनुभयो ।

महिला उपाध्यक्ष अनार बस्नेतले बिपीको सिद्धान्त र विचारलाई आमजनता माझ अझै प्रभावकारी रूपमा लैजानुपर्ने आवश्यकता औंल्याउनुभयो । समाजका महासचिव डा वासुदेव भण्डारीले लोकतन्त्रमा नागरिक स्वतन्त्रता रहेको बताउँदै यसको विकल्प अरु हुन नसक्ने धारणा राख्नुभयो ।
समाजका कास्की जिल्ला अध्यक्ष डा वीरबहादुर कार्कीले विभिन्न कार्यक्रमका माध्यमबाट बिपीको विचारलाई जनसमक्ष पुऱ्याउनुपर्नेमा जोड दिनुभयो । समाजका केन्द्रीय सदस्य कमलमोहन वाग्लेले लोकतन्त्रमा सुशासन दिन नसक्नुले जनतामा असन्तुष्टि पैदा भएको बताउँदै राजनीतिक दल जनताप्रति समर्पित भएर काम गर्नुपर्नेमा जोड दिनुभयो । संविधानको सवल र कमजोर पक्षका बारेमा सार्वजनिक रूपमा छलफल गर्न जरुरी भएको उहाँको भनाइ छ । कार्यक्रममा नेपाली कांग्रेस कास्कीका सभापति किशोरदत्त बराल, समाजका केन्द्रीय सदस्य ऋषिराम सापकोटा, गण्डकी प्रदेशका मुख्य न्यायाधिवक्ता चिरञ्जिवी पौडेल, प्राडा यामबहादुर पौडेल क्षेत्री, कमलमोहन वाग्ले, प्राडा पद्मशरण रेग्मी, नरेन्द्र गुरुङलगायत वक्ताले बिपीको चिन्तनलाई आत्मसात गर्दै अघि बढ्नुको विकल्प नभएको धारणा राख्नुभयो । भेला तथा अन्तरक्रियाले समाजको आठ बुँदे धारणा सार्वजनिक गरेको छ । धारणापत्रमा जुनसुकै नाममा गरिने आन्दोलन र प्रदर्शनबाट आमनागरिकको जीवन खतरामा पार्न नहुने उल्लेख गरिएको छ। जनताको अथक प्रयासबाट प्राप्त परिवर्तन कुनै दल, नेता, गुट र स्वार्थ समूहलाई पोस्नका लागि नभएको भन्दै धारणापत्रमा पछिल्लो दुई दशक दलीय, गुटीय र नेताको शासन बलियो बनाउने ध्येयमा लाग्दा जनतामा निराशा छाएको उल्लेख गरिएको छ।

यसैगरी प्रजातान्त्रिक विचार समाजका केन्द्रीय अध्यक्ष वाग्लेसहित पदाधिकारी तथा सदस्यलाई नेपाली कांग्रेस गण्डकी प्रदेश समितिले पोखरामा स्वागत गरेको छ।

समाजका अध्यक्ष वाग्ले, निवर्तमान अध्यक्ष डा केसीलागयत प्रतिनिधिमण्डललाई कांग्रेस गण्डकी प्रदेशका सभापति शुक्रराज शर्मा, महामन्त्री विष्णुप्रसाद लामिछाने, प्रवक्ता माधवप्रसाद बास्तोला, प्रचार विभाग उपप्रमुख शिरोमणि बराललगायतले स्वागत गर्नुभयो । सो अवसरमा गण्डकी प्रदेश सभापति शर्मा, महामन्त्री लामिछाने, समाजका अध्यक्ष वाग्ले, निवर्तमान अध्यक्ष केसीलगायतले समसामायिक राजनीतिक परिस्थिति, बिपी चिन्तन, प्रजातान्त्रिक विचारलगायत विषयमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।

कार्यक्रममा कांग्रेस गण्डकी प्रदेशले सञ्चालन गरेको बिपी स्मृति पुस्तकालयको अवलोकन गर्नुका साथै समाजद्वारा प्रकाशित पुस्तक ' चिन्तनः नेतृत्व विशेष' हस्तान्तरण गरिएको थियो ।

# 'वाडा अटो शो'को आइतबार अन्तिम दिन, एसइइ दिएर बसेका विद्यार्थीलाई प्रवेश निशुल्क

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

पोखरामा पहिलो पटक हुन भइरहेको नाडा प्रिजेन्ट्स वाडा अटो सो २०२५ मा दर्शकहरुको उत्साहजनक सहभागिता रहेको छ । १९ वटा ब्राण्डका ४-पाङ्ग्रे, ६ वटा ब्राण्डका लाइट कमर्शियल, ७ वटा ब्राण्डका २-पाङ्ग्रे लगायत लुब्रिकेन्ट, टायर, ग्यारेज उपकरण, अन्य एशोसेरिजहरू तथा वित्तीय संस्थाहरूका २० वटा स्टलहरू रहको अटो सोमा इभि गाडी प्रति आगन्तुकको बढि चासो देखिएको छ । अटो शोमा भेटिएका न्युरोडका श्याम मल्लले अहिले प्रयोग गरिरहेको पेट्रोल गाडीलाई एक्सचेन्ज गरेर इभी गाडी बुक गरेको सुनाए । उनले पेट्रोल गाडीले इन्धन खर्चका साथै वातावरणमा पनि असर गर्ने र सम्भार खर्च पनि बढने हुँदा इभि गाडी तर्फ रुची बढेर बुकिंग गरेको बताए । यसै गरि अटो सोमा इभीका नया फिचर सहितका सवारीसाधन बुक गर्न आएका मोहोरिया टोलका कमल श्रेष्ठले पनि समय अनुसारको परिबर्तन चाहनेले इभि गाडी मनपराउने बताए । अटो सोमा शनिबार सम्म अनुमानित २० हजार दर्शकले अवलोकन गरिसकेको कार्यक्रमका प्रचार संयोजक विनय थापाले जानकारी दिए ।

आइतबार अन्तिम दिन पनि भएकोले एसइइ दिएर बसेका विद्यार्थीहरुलाइ अटो शोमा प्रबेश निशुल्क गरिएको थापाले बताए । पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसन (वाडा) को आयोजनामा विहिबारबाट शुरु भएको कार्यक्रमको उदघाटन पोखरा महानगरपालिकाका मेयर धनराज थापाले गरेका थिए । अटो शोलाई मध्यनजर गर्दै शुक्रबार आयोजना गरिएको रक्तदान कार्यक्रममा ३५ युनिट रगत संकलन भएको थियो । यस अघि कार्यक्रमको प्रचारप्रसारका लागि पोखरा उपत्यका मोटर रेस, केभ टु केभ मोटर साइकल ऱ्याली, सरसफाइ कार्यक्रम गरिएको थियो ।



अटो सोमा बन्दिपुर केवुलकार एण्ड टुरिजम लि.ले डोर प्राइज अन्तर्गत ३ सय वटा केबुलकार टिकट उपलब्ध गराउने छ । प्रदर्शनी अवलोकन गर्न पुग्ने दर्शकहरूले टिकटमा गोलाप्रथाद्वारा सो केबुलकारको टिकट प्राप्त गर्न सक्नेछन् । अटो प्रदर्शनीमा गण्डकी प्रदेश सरकार तथा पोखरा महानगरपालिका प्रबर्द्धक रहेका छन् भने पोखरा उद्योग वाणिज्य संघ, युनाइटेड क्लब पोखरा तथा प्रदर्शनीस्थल उपलब्ध गराई अमरसिंह मा.वि. सहयोगी संस्था बनेका छन् । प्रदर्शनीको टिकटिङ पार्टनरमा खल्ती एप, इन्टरनेट पार्टनरमा पोखरा इन्टरनेट, फायर सेफ्टी सपोर्टमा हिटको प्रा.लि., अफिसियल इन्सुरेन्समा सगरमाथा लुम्बिनी इन्सुरेन्स (सलिको), ट्राभल पार्टनरमा स्वीफ्ट होलिडेज, हस्पिटालिटी पार्टनरमा होटल शारा, हस्पिटल पार्टनरमा नेपाल मनिपाल कलेज अफ मेडिकल साइनस (मनिपाल हस्पिटल), इन्सुरेन्स पार्टनरमा नेपाल इन्सुरेन्स लि. जस्ता प्रतिष्ठित संस्थाहरू रहेका छन् भने प्रदर्शनीको व्यवस्थापन ग्लोबल एक्सपोजिसन एण्ड म्यानेजमेन्ट सर्भिसेज (जेम्स)ले गरिरहेको छ ।

# स्थानीय उत्पादनलाई विश्व बजारमा पुऱ्याउने लक्ष्यसहित 'सृजना संसार कोसेली घर' संचालनमा

पोखरापत्र संवाददाता
पोखरा, १६ चैत

नेपाली परम्परागत अर्गानिक खाद्य सामग्रीको प्रवर्द्धन तथा स्थानीय उत्पादनलाई व्यावसायिकरण गर्ने उद्देश्यका साथ 'सृजना संसार कोसेली घर' संचालनमा आएको छ ।

पोखराको महेन्द्रपुलमा रहेको उक्त कोसेली घरको पोखरा महानगरपालिका वडा नं ९ का अध्यक्ष दिपेन्द्र मर्सानीले शुभारम्भ गरे । उनले नेपालमा जैविक तथा परम्परागत उत्पादनको सम्भावनामा जोड दिदै यस्ता उत्पादनलाई व्यवस्थित रूपमा बजारसम्म पुऱ्याउन सके कृषक, साना उद्यमी, तथा व्यवसायीहरूलाई आर्थिक रूपमा सबल बनाउन सकिने बताए । उनले भने "स्थानीय उत्पादनको प्रवर्द्धनले आयात प्रतिस्थापन गर्न सहयोग गर्छ र नेपाललाई आत्मनिर्भरतातर्फ अघि बढाउँछ, यस्तो प्रयासलाई सबै पक्षले सहयोग गर्नु आवश्यक छ ।"उनले नेपाली उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा प्रतिस्पर्धी बनाउने आवश्यकतामा जोड दिँदै गुणस्तर, प्याकेजिङ, र प्रवर्द्धनमा




ध्यान दिनुपर्ने सुझाव दिए । पोखरा उद्योग वाणिज्य संघका कार्यवाहक अध्यक्ष उत्तममान बुद्धाचार्यले स्थानीय अर्गानीक उत्पादनको प्रवर्द्धन र नेपाली मौलिक खाद्य सामग्रीको बजारीकरणले अर्थतन्त्रमा सघाउ पुऱ्याउने धारणा राखे ।

लायन्स अन्तर्राष्ट्रिय डिष्ट्रिक ३२५ जे नेपालका गभर्नर मिलन थापाले जैविक तथा परम्परागत खाद्य वस्तुहरू गुणस्तरीय मात्र नभई सांस्कृतिक रूपमा पनि महत्वपूर्ण रहेको बताउँदै यस्ता कोसेली घरहरूले महिलालाई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा रोजगारीसँग जोडेर आत्मनिर्भर बनाउन मद्दत पुग्ने धारणा राखिन । उनले स्थानीय उत्पादनलाई व्यवसायिक विस्तार गर्दै अन्तर्राष्ट्रिय बजारसम्म पुर्याउनुपर्ने आवश्यकता औंल्याइन् । सृजना संसार कोसेली घरका अध्यक्ष सवि शेरचनले नेपाली मौलिक उत्पादनलाई प्रवर्द्धन गर्दै स्थानीय उत्पादनलाई विश्व बजारसम्म पुऱ्याउने लक्ष्य लिएर कोशेली घरको शुरुआत गरेको बताइन । उनले भनिन् "हामीले व्यावसायिक दायरालाई विस्तार गर्दै राष्ट्रिय तथा अन्तर ष्ट्रिय बजारमा नेपाली उत्पादनलाई पहिचान दिलाउने कोसिसमा छौ , यस अभियानमा सबैको साथ, सहयोग र समर्थनको अपेक्षा गरेका छौ । " उनका अनुसार कोसेली घरले मुस्ताङ, म्याग्दी, जुम्ला, पाल्पा, बुटवल लगायतका क्षेत्रबाट उत्पादित जैविक तथा परम्परागत खाद्य सामग्री उपभोक्तासामु पुऱ्याउने लक्ष्य राखेको छ । करिब सय बढी विक्रिमा राखिएका उत्पादनमा मुस्ताङको सिमीको दाल, सिस्नुको धुलो, जौको सातु, जिम्बु, फापरको पिठो, ओखर, सिलाम, गुन्द्रुक, सुकुटी, विभिन्न परिकारका अचार, भुटेका बदाम, झिलिङ्गा, चिउरा आदि छन् । स्थानीय उत्पादनको प्रवर्द्धनका लागि २१ शेयर सदस्यहरू मिलेर २१ लाख रूपैयाँको प्रारम्भिक लगानीबाट यो व्यवसाय सुरू गरिएको शेरचनको भनाइ छ । संस्थाका वरिष्ठ उपाध्यक्ष महेश श्रेष्ठले खाद्य सुरक्षा तथा गुणस्तरलाई प्राथमिकता दिँदै नेपाली उत्पादनलाई स्थानिय तथा अन्तर्राष्ट्रिय बजारमा पुऱ्याउने लक्ष्य राखिएको बताए । संस्थाका सहसचिव पदमलाल तिमिल्सिनाले संचालन गरेको कार्यक्रममा संस्थाका सल्लाहकार तथा शेयर सदस्य विना गुरुङले धन्यवाद ज्ञापन गरेकी थिइन । कार्यक्रममा उपस्थित सहभागिहरुले यस किसिमको पहलले स्थानीय उद्यमशीलता प्रवर्द्धन गर्ने विश्वास व्यक्त गरेका थिए ।

"आयुर्वेदोऽमृतानामः"
पोखराको पुरानो र विश्वासिलो आयुर्वेद अस्पताल
माता मनकामना आयुर्वेद क्लिनिक प्रा.लि
पोखरा-९, नयाँबजार(न्यू विवेक पेट्रोल पम्पको माथि)
०६१-५८९१९४, ९८४४३११९०६, ९८१३६७७७०६
छाला तथा यौन रोगहरुका लागि
महिलाहरुमा : निसन्तानपन, सेतोपानी बग्ने, योनी चिलाउने, महिनावारीमा गडबडी आदी
पुरुषहरुमा : शिघ्रपतन, यौन सन्तुष्टि नहुने, यौन चहाना नहुने, स्वप्नदोष, सरुवा यौन रोग, लिंग उत्तेजना नहुने आदी

डा. बिनोद मिश्रा
प्रत्येक महिनाको १२ गते
पायल्स, फिसर, फिस्टुला तथा मलद्वार सम्बन्धी रोगहरुको सफल उपचारको लागि

डा. राजिव घिमिरे
प्रत्येक महिनाको पहिलो शनिबार
जस्तोसुकै (पुरानो/नयाँ) रोगहरुको विशेष आयुर्वेद उपचारको लागि

डा. सुरेश पुर्वे
महिनाको प्रत्येक दिन
उपचार गर्ने रोगहरु :-
१. पायल्स, फिसर, फिस्टुला
२. स्त्री तथा प्रसुति रोग
३. धातु तथा यौन रोग
४. श्वास प्रश्वास सम्बन्धी रोग
५. मृगौलाको पत्थरी
६. अनुहारको कालोपोतो र डण्डीफोर
७. उच्च रक्तचाप
८. सुगर(मधुमेह)
९. नशा तथा हाडजोर्नी रोग
१०. पिनास तथा एलर्जी

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com,Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कल्पनाले विश्वमाथि शासन गर्दछ । – नेपोलियन

## सम्पादकीय

# प्रेसलाई आङ्कित नबनाऊ

नागरिक संस्था मध्येको जेठो संस्था नेपाल पत्रकार महासंघ सत्तरी वर्षमा प्रवेश गरेको छ । बीस २०१२ साल चैत १६ गते स्थापना दिवस र संस्थापक सभापति कृष्णप्रसाद भट्टराईलाई मान्न थालिएको छ । केहीले २००८ सालमा नेपाल पत्रकार संघ गठन भएको जिकिर गरेका छन । इतिहासकार गृष्म बहादुर देवकोटाको किताबमा र प्रकृति अधिकारीको शोधपत्रमा २००८ सालमा स्थापना भएको उल्लेख छ । नेपाली पत्रकार महासंघले २०१२ साल चैत्र १६ गतेलाई स्थापना दिवस मान्न थालेको छ । नेपालमा नागरिक अधिकारका लागि पत्रकारले संगठित तरिकाले आवाज उठाएको करिब सात दशक पुग्न लाग्दा पनि आधुनिक युगमा पनि नागरिक अधिकार र अभिब्यक्ति स्वतन्त्रताको पक्षमा आवाज उठाउनु परेको छ । साशक विरुद्ध बोल्न नपाउने, मुख थुन्ने र जेल पठाउने काम रोकिएको छैन । राजतन्त्रमा पत्रकारका लागि कठिन थियो । अहिले पनि राजतन्त्रका पक्षपोषण गर्ने दल र शक्तिले प्रेस माथि आक्रमण गरेको चैत १५ गते राजावादीले गरेको संचार गृह तोडफोड र पत्रकार जलाएको घटनाले छर्लङ्ग हुन्छ ।

स्थापनाकालमा उठाइएका नागरिक अधिकार, प्रेस स्वतन्त्रता, पत्रकारको हक हित र पत्रकारिताको विकासका मुद्दा कायमै छ । पत्रकारिता स्वतन्त्र हुनुपर्छ, नागरिकको अधिकारका मुद्दा र पत्रकारको हकहितका मुद्दा सरकारमा को छ भनेर विर्सन मिल्दैन । पत्रकारको पेसागत । पत्रकारले कस्तो नीति बनाउने र त्यो नीति कार्यान्वयन गर्न नेतृत्वले व्यापक बहस आवश्यक छ । नागरिकको अधिकार र प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताप्रति लड्नुपर्नेमा सत्ता र साशकका गलत क्रियाकलापको विरोध गर्नेको विरुद्ध देखिने गरेको छ । अहिले पत्रकारिता कस्तो अवस्थामा छ, चुनौतीको सामना कसरी गर्ने बारेमा चर्चा कम हुने गरेको छ । पत्रकारका समस्या र पत्रकारिताको विकासका कुरा अझै परिस्कृत रुपमा उठाउनु पर्ने खाचो भएको छ । नेपालको हरेक नागरिक/प्रजातान्त्रिक आन्दोलनमा पत्रकारहरुको प्रतिनिधिमुलक संस्था नेपाल पत्रकार संघ हालको महासंघले सक्रिय भएर लागेको इतिहास छ ।

राजनीतिक दलहरुलाई समेत आन्दोलनमा लाग्न घचघच्याउने काम प्रेसले गरेको हो । लोकतान्त्रिक आन्दोलनको नेतृत्व दलहरुले नै गरे । आन्दोलनमा पत्रकारहरुले खेलेको भुमिकाको राजनैतिक दल र नागरिक समाजले मुक्त कष्ठ प्रशंसा गर्ने गर्दछन।राजनीतिक दल विपक्षमा हुँदा पत्रकार र पत्रकारिताको समस्यामा बोल्ने सत्तामा पुगेपछि बेवास्ता गर्ने गरेका छन । मौसमी बन्ने गरेका छन। नेपाली उखान खोलो तऱ्यो लौरो बिर्स्यो भने झैँ पत्रकारका समस्या बिर्सने गरेका छन् । मैनबत्ती आफै जलेर अरुलाई उज्यालो दिएझै पत्रकारहरु भोको पेटले नागरीकको आवाज दिने गरेका छन् । मर्यादित र व्यावसायिक पत्रकारिताको लागि राज्य र निजी संचारगृहले पत्रकारलाई सहयोग गर्न सकेको छैन । पत्रकारले भौतिक र पेशागत सुरक्षाका लागि सडकमा आवाज उठाउँदै आएका छन् । जब जब समस्या आउँछ तब पत्रकारलाई निस्कासन, तलब नदिने, कटौती गर्ने काम हुने गरेको छ । दुखको बेला साहस र राहत दिनुपर्नेमा आहात पार्ने काम हुने गरेको छ । जनतालाई सचेत र जागरुक बनाउनुपर्ने बेला जागिरबाट हटाउने, तलब घटाउने, नदिने काम हुँदा सरकार पनि पत्रकारको पक्षमा बोल्न नसक्ने रमिते बनेको छ । राजनीतिक दल पनि थाहै नपाएको जस्तो नाटक गर्ने गर्दछन ।

आधुनिक मुलुकको पत्रकारिता क्षेत्रमा हासिल गरेको उपलब्धिका बारेमा वहस गर्नुपर्ने बेलामा पुरानै कुरा दोहोऱ्याउनु परेको छ । निरङ्कुश राजतन्त्र चाहिन्छ भनेर पत्रकार र संचारगृह माथि जाइ लागेका बेला लोकतान्त्रिक गणतन्त्र पक्षधर सबैलाले साथ दिनुपर्छ। सिंहदरबारमा केन्द्रीत रहेको अधिकार स्थानीय तहसम्म पुगेको छ । तर सिंहदरबारमा बस्नेको जस्तै व्यवहार गर्न थालेका छन् । आफुलाई सिंहदरबारको शासक जस्तो ठान्ने प्रवृत्ति बढेको छ । पत्रकारलाई राज्यले संबोधन गर्ला आर्थिक विकास र समृद्धिको बाटोमा हिडाउन प्रेसको महत्वपूर्ण भुमिका रहन्छ । नेपाललाई आधुनिक विश्वसँग एकाकार गराउन प्रेस स्वतन्त्रताको ग्यारेन्टी र पत्रकारको पेशागत र भौतिक सुरक्षा आवश्यक छ । पत्रकारको छाता संगठन नेपाल पत्रकार महासंघको झण्डामुनि मुलुकभर र संसारभर छरिएर रहेका नेपाली पत्रकारको अधिकार र स्वतन्त्रताको लागि पेशाप्रति ईमान्दार बन्नु आजको आवश्यकता हो । नागरिकको अधिकार सुरक्षित गर्ने, भयरहित वातावरण बनाउन सधैं खबरदारी गर्नुपर्छ । स्थापना दिवसको अवसरमा पत्रकार महासंघले शोक सभा र आतङ्कको बिरोध सभा गर्नुपर्ने अवस्था नहोस । इतिहास, अहिलेको जिम्मेवारी र नेपाली जनताले सधैं सम्झने नागरिक संस्था बनाउन सबैले सहयोग गर्नुपर्ने आजको आवश्यकता हो ।


## तपाईंको आज

| | | | |
|---|---|---|---|
| मेष | : झमेला बड्ने | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शुभ यात्रा | वृश्चिक | : आर्थिक समस्या |
| मिथुन | : स्वास्थ्यमा सुधार | धनु | : शारीरिक झमेला |
| कर्कट | : कार्यमा सफलता | मकर | : मानसिक तनाब |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : ब्यापारमा लाभ |
| कन्या | : अप्रत्यसित लाभ | मीन | : शत्रुको भय |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा–१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# नेपाली सेनाले तेस्रो गोरखा-जितगढी एकीकरण पदयात्रा गर्दै

**रासस**
गोरखा, १६ चैत

नेपाली सेनाले 'दोस्रो ऐतिहासिक गोरखा-जितगढी एकीकरण पदयात्रा' सुरु गर्दैछ । स्थानीय तहको समन्वयमा यही चैत्र २७ गतेदेखि पदयात्रा सुरु गर्न लागिएको रिपुमर्दन गणले जनाएको छ ।

गोरखाबाट सुरु हुने पदयात्रा तनहुँ, पाल्पा हुँदै जितगढी पुगेर समापन हुने गणपति अशोककुमार क्षेत्रीले जानकारी दिनुभयो । उहाँका अनुसार यात्रामा पृथ्वीनारायण शाहले तत्कालीन समयमा खडा गरेका पाँच पल्टन (पुरानो गोरख, कालिबक्स, बर्दवाणी, सवुज र श्रीनाथ) र जितगढीको लडाइमा भाग लिएका गुरुबक्स पल्टनका टोली सहभागी हुनेछन् । सहभागीहरूले आ-आफ्नो पल्टनको झण्डासहित यात्रामा निस्कने उहाँले जानकारी दिनुभयो । गोरखाको टोली पालुङटारको सतिघाट पुगेर तनहुँलाई उज्यालोको प्रतिकस्वरुप टर्च हस्तान्तरण गर्ने र तनहुँले पाल्पालाई हस्तान्तरण गर्ने कार्यक्रम रहेको उहाँले बताउनुभयो । "पाल्पाले रुपन्देहीलाई बुझाउँछ र रुपन्देहीको टोली जितगढीमा पुगेर विजय उत्सवमा सहभागी हुन्छ", गणपति क्षेत्रीले भन्नुभयो । उहाँका अनुसार नेपाल र तत्कालीन ब्रिटिस इस्ट इण्डिया कम्पनीबीच भएको लडाइमा विजय प्राप्त गरेको दिन (वैशाख ७ गते) लाई विजय उत्सवको रूपमा मनाउँदै आइएको छ ।

सोही उत्सवमा सहभागी हुने गरी पदयात्रा सुरु गर्न लागिएको उहाँले उल्लेख गर्नुभयो । नेपाल-अङ्ग्रेज युद्धको क्रममा रुपन्देहीस्थित जितगढी किल्लामा भएको लडाइमा विजय प्राप्त गरेको दिनलाई वर्तमान समयमा स्मरणीय बनाउन बुटवल उपमहानरपालिकाले हरेक वर्ष वैशाख ७ गते विजय उत्सव दिवसका रूपमा मनाउँदै आएको नगर कार्यालयले जनाएको छ । सोही ऐतिहासिक कार्यलाई थप महत्त्वका साथ मनाउन गोरखा-जितगढी पदयात्रा सञ्चालन गरिएको हो । यात्राले गढी, किल्ला, दरबार तथा एकीकरणको क्रममा प्रयोग भएका मार्गहरू पहिचान गरी, संरक्षण, सम्वर्द्धन र विकास गर्न सघाउ पुग्ने विश्वास लिइएको छ ।

सेनाले विसं २०७९ देखि गोरखा दरबार-जितगढी एकीकरण मार्गमा पदयात्रा सुरु गरेको थियो । जितगढी किल्लामा विसं १८७२ वैशाख ७ गते नेपालसँग हारेपछि अङ्ग्रेज सेना फिर्ता भएका इतिहासका जानकार बताउँछन् । नेपाली सेनाले विजय प्राप्त गरेको सम्झनामा प्रत्येक वर्ष जितगढीमा वैशाख ७ गते विजय उत्सव दिवसका रूपमा मनाइँदै आइएको रिपुमर्दन गणले जनाएको छ ।


## नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण

पोखरा महानगरपालिका वडा नं. ३१ बेगनास खोलाबेशी बित्यानी घुमेले सडक कनेक्टीङ रोड गर्दा निम्न बमोजिमको आम्दानी तथा खर्च भएको व्यहोरा सम्बन्धित सरोकारवालाहरुको जानकारीको लागि यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।

योजनाको नामः बेगनास खोलाबेशी बित्यानी घुमेले सडक कनेक्टीङ रोड
ठेगानाः पोखरा-३१
योजना सम्झौता मितिः २०८१/०९/१४ गते
योजना शुरु मितिः २०८१/०९/१६ गते
योजना सम्पन्न हुने मितिः २०८१/१२/२८ गते
योजना सम्पन्न भएको मितिः २०८१/१२/१५ गते
योजनाको कुल लागतः रु.१७,७४,४७४.७१
महानगरपालिकाबाट प्राप्त रकम : रु. १५,००,०००।-
जनसहभागिताबाटः रु.२,७४,४७४.७१
अध्यक्षः छबिराम सुबेदी सम्पर्क नं.: ९८०४१५४७७५
निर्माण समिति सदस्य संख्याः ५ महिलाः २, पुरुषः ३
अनुगमन समिति संयोजकः देवेन्द्र राज अधिकारी

**बेगनास खोलाबेशी बित्यानी घुमेले सडक कनेक्टीङ रोड उपभोक्ता समिति पोखरा-३१**

## नागरिक परदर्शिताको लागि सार्वजनिक लेखा परीक्षण

योजनाको नाम : भित्री बाटो निर्माण
ठेगाना : पोखरा-१२
योजना सम्झौता मिति : २०८१/१०/१५
योजना शुरु मिति : २०८१/१०/१६
योजना सम्पन्न हुने मिति : २०८१/१२/३०
योजना सम्पन्न भएको मिति : २०८१/१२/१०
कूल लागत : रु. ६,२२,०३७।३८
महानगरपालिकाबाट : रु. ४,५०,०००
जनसहभागिता : रु. १,७२,०३७।३८

सूर्य बहादुर गुरुङ
अध्यक्ष

**भित्री बाटो निर्माण उपभोक्ता समिति**


# तटीय क्षेत्रका बस्ती संरक्षण गर्न १३ स्थानमा तटबन्ध

**पोखरापत्र संवाददाता**
ढोरपाटन, १६ चैत

बस्ती संरक्षणका लागि बागलुङका १३ स्थानमा तटबन्ध गर्न थालिएको छ । चालु आर्थिक वर्षमा गण्डकी प्रदेश सरकारले विनियोजन गरेको बजेटबाट तटबन्ध गर्न थालिएको हो ।

जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय बागलुङमार्फत जिल्लाको गलकोट, बागलुङ, ढोरपाटन, बडिगाड र बरेङसहितका पालिकाका विभिन्न स्थानमा तटबन्धको काम भइरहेको छ । तीमध्ये हालसम्म सात योजना सकिएको जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयका प्रमुख सुरेन्द्र पौडेलले जानकारी दिनुभयो । हालसम्म गलकोट नगरपालिका-५ स्थित खहरेखोला, वडा नं ९ स्थित दरमखोला, वडा नं ३ स्थित गौदीखोला, हटिया, वडा नं १ स्थित दूधिलाभाटी र बागलुङ नगरपालिका-३ स्थित ढोण पिपलबाटोमा काम सम्पन्न भएको उहाँको भनाइ छ ।

उहाँका अनुसार बडिगाडखोला, नरेठाँटी दोभान, खाल बजार, दोगाडी, पाँचमुरे र काठेखोलामा काम सुरु भएको छ। सबै योजना असार मसान्तभित्रै सक्ने गरी काम भइरहेको प्रमुख पौडेलले जानकारी दिनुभयो । यस वर्ष जिल्लाभर रु एक करोड ६० लाखमा तटबन्ध तथा बस्ती संरक्षणको काम भइरहेको उहाँ बताउनुहुन्छ । प्रमुख पौडेलले भन्नुभयो,"यस वर्ष प्रदेश सरकारबाट नीति तथा कार्यक्रममा समावेश भएका योजना कार्यान्वयनको चरणमा छन्, अधिकांश योजना सम्पन्न भइसकेका छन्, केही सकिने अवस्थामा छन्, भने केही साना योजना सम्झौता गरेर काम सुरु हुने चरणमा छन्, हामीहरुले समयमै सबै योजना सक्ने गरी कामको गतिलाई तीव्र बनाएका छौँ ।" गलकोट-३ का स्थानीय कुलबहादुर खत्रीले दरमखोलामा तटबन्ध भएपछि बर्खामा खोला बस्तीमा पस्ने जोखिम कम भएको बताउनुभयो। खोला किनारमा बाक्लो बस्ती रहेको तर अहिलेसम्म तटबन्ध नहुँदा दरमखोला तटका स्थानीय त्रासमा बस्नु परेको भन्दै अब बाढी पस्ने सम्भावना कम भएको उहाँले सुनाउनुभयो । दरमखोलाको धेरै क्षेत्रमा अझै तटबन्ध गर्न आवश्यक रहेको खत्रीको भनाइ छ । "हिउँदको समयमा खोलामा पानीको सहत घट्छ, जब बर्खा लाग्छ, तब सानो खोला पनि उर्लिएर माथि आउँछ, यसले गर्दा खोला नजिकका बस्ती जोखिममा छन्", उहाँले भन्नुभयो, "अहिले केही ठाउँमा भए पनि तटबन्ध भयो, सरकारले आगामी वर्षमा अन्य ठाउँमा पनि तटबन्ध गर्न बजेट विनियोजन गऱ्यो भने बस्ती संरक्षण गर्न सजिलो हुने थियो ।"

# 'लाछाको डोरी' बाट व्यावसायिकतातर्फ उन्मुख

**पोखरापत्र संवाददाता**
स्याङ्जा, १६ चैत

स्याङ्जाको पुतलीबजार नगरपालिका-३ बस्ने २४ वर्षीया अनुशा मियाँको हातमा केही सीप थिएन ।

उहाँलाई हातमा कुनै पनि सीप नभएपछि घरधन्दा मात्रै गरेर बस्नुपर्ने बाध्यता थियो । अब भने उहाँको सोचमा परिवर्तन आएको छ । परिवर्तन आउनुको कारण 'लाछाको डोरी'सम्बन्धी तालिममा सहभागी भएर सीप हासिल गर्नु हो ।

सीप नहुँदासम्म अलमलमा परे पनि हातमा सीप भएपछि उत्साहित भएर अगाडि बढेको महसुस उहाँले गर्नुभएको छ । पुतलीबजारकै जमिना बानु पनि लाछाको डोरी बनाउने र त्यसलाई बजारसम्म पुऱ्याएर बिक्री गर्ने तयारीमा हुनुहुन्छ । "परिवारको लालनपालनका लागि पनि केही सीप सिक्न पाएहुन्थ्यो भन्ने लागेको थियो आज साकार भयो", उहाँले भन्नुभयो । दुई प्रतिनिधि पात्र जस्तै तालिममा सहभागी अन्य मुस्लिम महिला पनि लाछाको डोरी बुन्दै व्यावसायिक ढङ्गबाट अगाडि बढ्ने तयारी गरिरहनुभएको छ ।

सामाजिक विकास कार्यालयको आयोजनामा जिल्लाका मुस्लिम समुदायका महिलाका लागि मुसलमान समुदायको आर्थिक सशक्तिकरण गर्ने उद्देश्यले तालिम सञ्चालन गरिएको सामाजिक विकास कार्यालयका प्रमुख जीवन पौडेलले बताउनुभयो ।

"मुस्लिम समुदायको परम्परागत सीपका रुपमा रहेको पेसालाई आधुनिक ढङ्गबाट सञ्चालन गरी व्यवसाय वृद्धि गर्ने कार्यालयको लक्ष्य हो", उहाँले भन्नुभयो, "सीमान्तकृत नागरिकलाई सचेतनासँगै आर्थिक सशक्तिकरणका लागि सामाजिक विकास कार्यालयले सहयोग गर्दै आइरहेको छ ।" लाछाको डोरी बनाउन सिकेका मुस्लिम समुदायका महिलाले आफ्नो समुदायमा प्रयोगमा आउने सामग्री उत्पादन र बजारीकरण गरी आर्थिक लाभ लिनसक्ने उहाँले बताउनुभयो ।

तालिममा २० जना मुस्लिम समुदायका महिलाले १० दिनसम्म सीप सिकेका हुन् । "लक्षित समुदायका महिलाका लागि नयाँ नयाँ सीप हस्तान्तरणले उहाँहरुको आर्थिक सशक्तिकरणसँगै व्यावसायिकता वृद्धि गर्न महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिएको छु", नगर प्रमुख तुल्सीराम रेग्मीले भन्नुभयो ।

# पोखरा २६ को जल्धारेमा जेष्ठ नागरिक सहित तीन सयको स्वास्थ्य परीक्षण

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत



पोखरा महानगरपालिका वडा नं २६ को जल्धारेमा शनिवार आयोजित स्वास्थ्य शिविरमा झण्डै तिनसय जनाले स्वास्थ्य परिक्षण गरेका छन् ।

आर्युवेद तथा बैकल्पीक जेष्ठ नागरिक स्वास्थ्य शिविरको शुभाप्रंभ गर्दै वडा नं २६ का अध्यक्ष नरेन्द्र थापाले उमेर बढ्दै जाँदा जटिल प्रकारका रोगहरु देखा पर्ने भएकाले तालिका बनाएर स्वास्थ्य परिक्षण गर्न आग्रह गर्नु भयो । अध्यक्ष थापाले रोगका कारण पनि जेष्ठ नागरिकहरुलाई परिवारका सदस्यले फरक व्यवहार गर्ने गरेको उल्लेख गर्दै, जेष्ठनागरिकमैत्री व्यवहार गर्न समेत जोड दिनु भयो ।

वडा विकासको मानक भौतिक पूर्वाधार मात्र नभएको उल्लेख गर्दै अध्यक्ष थापाले, नागरिक स्वस्थ र सुखी छन् की छैनन् भन्नेले पनि निर्धारण गर्ने बताउनु भयो । जेष्ठ नागरिकका लागि दिवा सेवा केन्द्र र त्यसमा खाजाको व्यवस्था गरिएको उल्लेख गर्नु भयो । दिवा सेवा केन्द्र सुधारका लागि वडाले बजेट विनियोजन गरेर अगाडी बढिरहेको समेत स्पष्ट पार्नु भयो । अध्यक्ष थापाले शारिरिक स्वस्थताले विचार र व्यवहारमा समेत प्रभाव पार्ने भएकाले नियमित स्वास्थ्य परिक्षणमा ध्यान दिन आग्रह गर्नु भयो ।

गण्डकी आर्युवेद अस्पतालका प्रमुख डा. शंकर गौतमले जेष्ठ नागरिक स्वस्थ रहे ज्ञान र शिपको दोश्रो पुस्तामा हस्तान्तरण हुने बताउनु भयो ।

पोखरा महानगरपालिका स्वास्थ्य महाशाखा प्रमुख भरतराज पौडेलको अध्यक्षतामा भएको कार्यक्रममा वडा नं २६ का वडा सदस्य तिर्थबहादुर राजभाट, जल्धारे जेष्ठ नागरिक दिवा सेवा केन्द्रका अध्यक्ष मनोहरी ढुंगाना, जल्धारे टोल विकास संस्थाका अध्यक्ष महेन्द्र ढुंगाना, नमूना महिला समूहका सहसचिव कल्पना लामिछाने ढुंगाना, स्वास्थ्य महाशाखाका कर्मचारी सरिता अधिकारी देवकोटा लगायतले स्वास्थ्य शिविरको प्रभावकारिताका बिषयमा बोलेका थिए ।

महानगरपालिकाको स्वास्थ्य महाशाखाको आयोजना, वडा नं २६ को समन्वय र गण्डकीक आर्युवेद अस्पताल अर्घौंको प्राविधिक सहयोगमा स्वास्थ्य शिविर भएको थियो । शिविरमा आर्युवेद अस्पतालका चारजना चिकित्सक सहितको टोलीले सहजीकरण गरेको थियो । शिविरमा ९२ बर्ष देखी ६ बर्षसम्मका गरी झण्डै तीनसय जनाको स्वास्थ्य परिक्षण गरी औषधी बितरण गरिएको थियो ।

# कोदी शान्ति टोलबिकास संस्थाद्वारा जेष्ठ नागरिक सम्मान

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

पोखरा महानगरपालिका वडा नं. २२ मा रहेको कोदी शान्ति टोलबिकास संस्थाले जेष्ठ नागरिक सम्मान, नवबर्ष २०८२ को भित्तेपात्रो बिमोचन एवम् शुभकामना आदानप्रदान कार्यक्रम शनिबार सम्पन्न गरेको छ।



कार्यक्रमका प्रमुख अतिथि पोखरा महानगरपालिका वडा नं. २२ का वडा अध्यक्ष हिमलाल बरालले कार्यक्रमको उद्धाटन गर्दै आआफ्नो घरमा आफ्नो घरका आमाबुबालाई सम्मान गर्न, उहाँहरूको हेरचाह गर्न अनुरोध गर्दै बुबा आमा बाट असल संस्कार सिक्नुपर्ने वताए।

पोखरा महानगरपालिका वडा नं २२ ले आफ्नो वडाका सबै टोल बिकास संस्थाहरुले आफ्नो बिकासका काममा बिना भेदभाव बजेट बितरण गरिएको वताए । उनले दिगो बिकासका काम वडाले सबै टोलहरुका विकास संस्थाहरुलाई आव्हान गरेको वताउँदै वडाको पेसा तपाईंहरुकै पैसा हो भन्दै जायज माग ल्याउन अनुरोध गरेका थिए।

कार्यक्रम संयोजक संस्थाका सदस्य रामचन्द्र बरालले संस्थाको पहिलो कार्यक्रमलाई कसरी भव्य र सभ्य रुपमा सम्पन्न गर्ने भन्ने चिन्ता रहकोमा सबैको साथले भित्तेपात्रो प्रकाशन र सम्मान कार्यक्रम सहजै सम्पन्न गर्न सहज भएको वताउँदै आयव्यय प्रस्तुत गरेका थिए।

सो अबसरमा पोखरा २२ की वडा सदस्य कृष्ण कुमारी पौडेल देवकोटा, वडा अधिकृत राम प्रसाद पौडेल, कोदि पर्यटन बहुउद्देश्यीय बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष बिष्णुहरि बराल, दुर्गा मन्दिर ब्यबस्थापन समितिका अध्यक्ष नारायण प्रसाद शर्मा (अधिकारी), छोरेपाटन बचत तथा ऋण सहकारी संस्थाका अध्यक्ष रवीन्द्रराज बराल, सदस्यहरुको तर्फबाट पोतराज पौडेल, प्रगतिशील टोलबिकास संस्थाका अध्यक्ष हेमराज बराल, पुम्दिभुम्दी कृषि सहकारी संस्थाका अध्यक्ष खेमराज बराल, सृजनशिल क्लबका अध्यक्ष राजु बराल, गणेश मिलन आमा समुहकि शान्ति बरालले शुभकामना मन्तव्य राखेका थिए।

कार्यक्रममा जेष्ठ नागरिकहरु वेलबहादुर खत्री, बालकुमारी गुरुङ, माइती श्री गुरुङ, लिलावती खत्री, मतिप्रसाद रेग्मी, डिल्लुदेवी रेग्मी, प्रेमप्रसाद रेग्मी, गुमादेवी रेग्मी, लीलाकुमारी पोखेल, धनमाया रानाभाट, अर्जुन बहादुर केसी, भाइरथि लामिछाने, कुल प्रसाद बराल, डिलमाया बराल, दुर्गा बराल, टेकनाथ लामिछाने, नरबहादुर गुरुङलाई सम्मानपत्र, खादा र अबिरले सम्मान गरिएको थियो।

कार्यक्रममा कवि हरिप्रसाद बरालले जेष्ठ नागरिकसंग सम्मानजनक व्यवहार गर्नुपर्ने संदेश लिएको कविता वाचन गरेका थिए भने सबिना लामिछाने, प्रसंसा पोखेल र स्वेच्छा बरालले नृत्य प्रस्तुत गरेका थिए।

कार्यक्रममा छोरेपाटन बचत तथा ऋण सहकारी संस्था, पुम्दिभुम्दी कृषि सहकारी संस्था, अध्यक्ष मीन बहादुर खत्री, गणेश मिलन आमा समुह, सृजनशिल युवा क्लब, उत्कृष्ट चन्दादाता निश्चल डेरीका संचालक पितम देवकोटा, बिज्ञापन दाता कोपिला बराल, सकृय समाज सेवी कुलबहादुर गुरुङलाई गरिएको थियो।

संस्थाका अध्यक्ष आशिष कुमार बरालको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत कोषाध्यक्ष विकासराज बराल र संचालन सचिव अमृता केसीले गरेका थिए।

# डिभिजन वन कार्यालयमा ४० हजार बिरुवा उत्पादन

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

डिभिजन वन कार्यालय तनहुँले ४० हजार बिरुवा उत्पादन गरी वितरणको तयारी गरेको छ । कार्यालयको हाताभित्र रहेको नर्सरीमा विभिन्न प्रजातिका ४० हजार बिरुवा उत्पादनको तयारी गरिएको कार्यालयले जनाएको छ।

कार्यालयका सहायक वन अधिकृत नवीन विकले पाँच हजार जडीबुटीका बिरुवा, पाँच हजार बहुवर्षीयअन्तर्गत विरुवा र ३० हजार अन्य बिरुवा उत्पादन भइरहेको जानकारी दिनुभयो । उहाँका अनुसार जडीबुटीअन्तर्गत टिमुर, सिप्लीगान, दालचिनीलगायतका बिरुवा उत्पादन भइरहेको छ।

कार्यालयले यहाँ उत्पादित बिरुवा सर्वसाधारण एवं समूहलाई निःशुल्क वितरण गर्ने गर्दछ। गत आर्थिक वर्षमा कार्यालयले ८२ हजार बिरुवा वितरण गरेको थियो।

जिल्लाका विभिन्न स्थानबाट बिरुवा लिनका लागि कृषकहरू कार्यालयमा आउने गरेका छन्। कार्यालयमा अन्यभन्दा डालेघाँसको माग बढी रहेको छ । पशुपालनमा सक्रिय कृषकहरू डालेघाँसका लागि विरुवा लिन आउने गरेको विकको भनाइ छ। कार्यालयबाट तेजपात, बेल, टिमुर, अशोका, कमपुर, म्याङ्गो स्टिक, अम्बा, सिप्लीगान, राजवृक्ष, पारिजात, शितलचिनी, बडहर, इपिल इपिल, लप्सी, अमला, चाँप, निमारो, कटहरे, जामुन, कल्की, हर्रो, बर्रो, सिरिष प्रजातिका बिरुवा वितरण गरिनेछ। विकले भन्नुभयो, "बिरुवा लगेर मात्र हुँदैन, त्यसलाई संरक्षण गरेर हुर्काउनुपर्छ, बिरुवा लैजानेलाई पनि यस बारेमा सचेत गराउँछौँ।"

कार्यालयले जिल्लाका विभिन्न सामुदायिक तथा निजी वनमा वृक्षरोपणका लागि समेत बिरुवा वितरण गर्ने गरेको छ । जिल्लालाई हरियाली बनाउन र वन हराभरा बनाउन बिरुवा वितरणलाई अभियानकै रुपमा अगाडि बढाइएको डिभिजन वन कार्यालयका प्रमुख शरद् अधिकारीले जानकारी दिनुभयो । जिल्लाका कूल क्षेत्रफलमध्ये करिब ७२ हजार ८० हेक्टर वनले ओगेटेको छ । जिल्लाभर ६१६ वटा सामुदायिक वन र ४८५ वटा कबुलियती वन रहेको छ।

# वाडा अटो शोको रक्तदान कार्यक्रम

**पोखरापत्र संवाददाता**
पोखरा, १६ चैत

पोखरामा आयोजित वाडा अटो शोको अवसरमा रक्तदान कार्यक्रम आयोजना भएको छ। चैत १४ देखि अमरसिंहचौरमा अटो शो जारी छ । दोस्रो दिन शुक्रबार मेला परिसरमा रक्तदान कार्यक्रम आयोजना गरियो । सो अवसरमा ३५ जनाले रक्तदान गरेको कार्यक्रम संयोजक छबि गौतमले जानकारी दिए।




लायन्स क्लब अफ पोखरासँग सहकार्य गरी कार्यक्रम आयोजना गरिएको वाडाका अध्यक्ष दिपेन्द्र कोइरालाले जानकारी दिए। नाडाका निबर्तमान अध्यक्ष ध्रुव थापाको प्रमुख आतिथ्यतामा रक्तदान सम्पन्न भएको हो । लायन्सका पिडिजी योगेन्द्र प्रधान लगायतले पोखरामा अटो शो आयोजना हुनु राम्रो कामको सुरुवात भएको बताए।

पश्चिमाञ्चल अटोमोबाइल डिलर्स एसोसिएसनको आयोजनामा जारी अटो शो चैत १७ सम्म चल्नेछ। अटो शोमा दर्शकहरुको आकर्षण देखिएको प्रचारप्रसार संयोजक तथा वाडाका महासचिव विनय थापाले जानकारी दिए । अटो शोमा विद्युतीय चारपाँग्रेतर्फ बिवाइडी, एक्स्पेङ, काई, दीपल, हुन्डाई, टाटा, एमजी, स्काइवेल, रिडारा, सेरेस, ओमोडा, जेको, सिट्रोन, जिकर, नामी, किया, लिपमोटरले स्टल राखेका छन् । आइसतर्फ टोयोटा, सुजुकी, किया, इसुजु, निशान, महिन्द्रा, लगायतका गाडीहरुको पनि सहभागिता छ । हुन्डाईले इभीसँगै आइस गाडीलाई पनि सोकेस गरेको छ। दुईपाँग्रेतर्फ एथर, टिभिएस, यामाहा, बजाज, ट्राइम्प, रोयलइन्फिल्ड लगायतका ब्राण्डले दर्शकलाई आकर्षित गरेका छन् । त्यसैगरी कामा, न्यु गो नाउ, स्काइवर्थ, हाइगर र डङफेङ लगायतका लाइट कमर्सियल गाडीहरुको स्टल पनि अटो शोमा छन् । अटो शोमा २-पाङग्रे, ४-पाङग्रेसहित लाइट कमर्शियल, वित्तीय संस्था, इन्स्योरेन्स, अटो कम्पोनेन्ट्स् एवं ग्यारेज उपकरण, फुटकोट लगायत कम्पनीहरुको स्टल छन् । गाडी खरिद गर्न चाहने ग्राहकलाई लक्षित गरी स्पट एक्स्चेन्ज तथा फाइनान्सिङको सुविधा पनि उपलब्ध छ । अटो शोमा अवलोकनकर्ताले खल्ती वालेटबाट टिकट बुकिङ गर्न सक्नेछन्।

टिकट शुल्क सय रुपैयाँ र विद्यार्थीका लागि ५० रुपैयाँ कायम गरिएको छ । आर्थिक चलायमान बनाउन र अटोमोबाइल क्षेत्रलाई थप गतिशील बनाउन अटो शोले सकारात्मक योगदान गर्ने आयोजकको विश्वास छ । वाडा अटो शोको सहप्रायोजकमा बि एण्ड बि ग्रुप, सपोर्टेड बाइमा अटोमेकानिका, बैंकिङ पार्टनरमा ग्लोबल आइएमई बैंक, इन्सुरेन्स पार्टनरमा सगरमाथा लुम्बिनी इन्सुरेन्स कम्पनी लिमिटेड, टिकेटिङपार्टनरमा खल्ती, डोरप्राइज स्पोन्सरमा बन्दीपुर केबलकार, हस्पिटालिटी पार्टनरमा होटल शारा, इन्टरनेट पार्टनरमा पोखरा इन्टरनेट, फायर सेफ्टी पार्टनरमा हिट्को प्रालि, ट्राभल पार्टनरमा स्विफ्ट होलिडेज, हस्पिटल पार्टनरमा मनिपाल हस्पिटलले साथ दिएका छन् । गण्डकी प्रदेश सरकार र पोखरा महानगरपालिकाले प्रवर्द्धक रहेर साथ दिएका छन्।

**नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना**

**पोखरा महानगरपालिका वडा नं. ५, मालेपाटन, ठुलीविडी टोलमा ढलान बाटो निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नाम : ठुलीबिडी बाटो ढलान**
**उपभोक्ता समितिको नामः ठुलीबिडी बाटो ढलान उपभोक्ता समिति, पोखरा-५, कास्की**
**योजना सम्झौता मिति : २०८१/१०/०४ गते**
**योजना सुरु मिति : २०८१/१०/०५ गते**
**योजना सम्पन्न मिति : २०८२/१२/१५ गते**
**महानगरपालिका बाट : ५,००,०००/-**
**जनसहभागिता : ९०,८५५/४०**
**योजनाको कुल लागत : ५,९०,८५५/४०**

**छविलाल सुवेदी**
अध्यक्ष
**ठुलीबिडी बाटो ढलान उपभोक्ता समिति**
पोखरा-५, कास्की

# प्रधानमन्त्री कप क्रिकेटको उपाधि नेपाल पुलिसलाई

**रासस**
काठमाडौं, १६ चैत

प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताको उपाधि नेपाल पुलिस क्लबले जितेको छ । शनिबार भएको फाइनलमा त्रिभुवन आर्मी क्लबलाई छ विकेटले पराजित गर्दै पुलिसले उपाधि जितेको हो।

जितका लागि १५५ रनको लक्ष्य पछ्याएको पुलिसले २५.२ ओभरमा चार विकेटको क्षतिमा पूरा गर्‍यो। उसका लागि ओपनर कुशल भुर्तेलले ६१ रन बनाए। कूल ७० बलको सामाना गरेका उनले सात चौका र तीन छक्का प्रहार गरे । यस्तै अमित श्रेष्ठले ३९ र दिलिपनाथले अविजित ३१ रन बनाए। आर्मीका लागि साहब आलमले तीन र नरेन साउदले एक विकेट लिए । त्यसअघि भैरहवास्थित सिद्धार्थ क्रिकेट रङ्गशालामा टस हारेर ब्याटिङको निम्तो पाएको आर्मीले ४३ ओभरमा सबै विकेट गुमाउदै १५४ रन बनाएको थियो । २५ रनमै ५ विकेट गुमाएको आर्मीका लागि कप्तान विनोद भण्डारी र वसीर अहमदले ७५ रन बढीको साझेदारी गरेका थिए । उसका लागि बसीर अहमदले १०४ बलको सामना गर्दै नौ चौका र एक छक्काको सहयोगमा ८६ रन बनाए भने कप्तान विनोद भण्डारीले २९ रनको योगदान दिए । त्यसबाहेक विवेक यादवले ११ रन बनाउदा अन्य कुनै पनि ब्याट्सम्यानले दोहोरो अंक समेत जोड्न सकेनन् । आर्मीलाई सस्तोमै समेट्ने क्रममा बलिङतर्फ नेपाल पुलिसका करण केसीले ७ ओभरमा एक मेडेनसहित ३० रन खर्चेर तीन विकेट लिए । सागर ढकालले आठ ओभरमा २९ रन खर्चेर तीन विकेट लिँदा कप्तान दीपेन्द्र सिंह ऐरीले दुई र ललित राजवंशी र गुलशन झाले समान एक/एक विकेट लिए । प्रधानमन्त्री कप पुरुष राष्ट्रिय क्रिकेट प्रतियोगिताअन्तर्गत यसपटक ४६ वटा खेलहरु खेलाइएको थियो । यी सबै खेल पहिलो पटक काठमाडौं बाहिर रुपन्देहीमा रहेको सिद्धार्थ क्रिकेट रङ्गशाला, तिलोत्तमामा रहेको एकस्ट्राटेक ओभल क्रिकेट रङ्गशाला र दाङ्गको लमहिमा रहेको देउखुरी अन्तरराष्ट्रिय रङ्गशालामा आयोजना भएको हो । प्रतियोगितामा सातवटै प्रदेशका टोली र नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीको विभागीय टोली सहित १० वटा टोलीहरुले सहभागीता जनाएका थिए।

# महिलालाई सङ्गीत सीप सिकाउन मादल बजाउने तालिम

**पोखरापत्र संवाददाता**
म्याग्दी, १६ चैत

म्याग्दीको रघुगङ्गा गाउँपालिका-२ साझापानीमा महिलाहरूलाई सङ्गीत सीप सिकाउनका लागि मादल बजाउने तालिम प्रदान गरिएको छ।



मौवाफाँट सामुदायिक सिकाइ केन्द्रले वडा नम्बर २ भगवतीमा रहेको आयआर्जन समूहका महिलाहरूका लागि सात दिने मादल बजाउने तालिम प्रदान गरेको हो । भगवतीका विभिन्न टोलका ३३ जना महिलाहरूले सहभागिता जनाएको तालिममा सङ्गीत प्रशिक्षक गणेश सुवेदीले व्यवहारिक रुपमा मादल बजाउने सीप सिकाउनुभएको केन्द्रका परिचालक दुर्गादेवी भण्डारीले जानकारी दिनुभयो । उहाँका अनुसार मौवाफाँट आयआर्जन समूहका २६ जना महिलाहरूलाई समेत मादल बजाउने तालिम प्रदान गरिएको थियो । केन्द्रले नयाँ आयआर्जन समूहलाई मादल समेत उपलब्ध गराउने जनाइएको छ । तालिम समापन समारोहमा बोल्दै गाउँपालिका अध्यक्ष भवबहादुर भण्डारीले गाउँघरमाहुनेपूजाआजा,भजनकृतन, रत्यौलीलगायत साँस्कृतिक कार्यक्रमहरूमा सङ्गीत सीप अनिवार्य भएको अवस्थामा महिलाहरूले सिकेको मादल बनाउने सीप उपलब्धिमूलक हुने बताउनुभयो। उहाँले मौवाफाँटमा सामुदायिक सिकाइ केन्द्रको भवन निर्माण गरेर महिलाहरूको आयआर्जनसँग सम्बन्धित गतिविधिलाई व्यवस्थित गराउने तयारी गरिएको जानकारी दिनुभयो । कार्यक्रममा रघुगङ्गा गाउँपालिका-२ का वडाध्यक्ष अमृत भण्डारीले महिलाहरूलाई सङ्गीत सीप तालिमले गाउँघरमा हुने सङ्गीतसँग सम्बन्धित कार्यक्रममा सहज हुने बताउँदै आयआर्जनमूलक कार्यक्रममार्फत महिलालाई आत्मनिर्भर बनाउनुपर्नेमा जोड दिनुभयो। मौवाफाँट सामुदायिक सिकाइ केन्द्रले यसअघि वडा नम्बर १ बेग र वडा नम्बर ४ दग्नाममा समेत मुडा बुन्ने तालिम प्रदान गरेको थियो । गाउँपालिकाको वडा नम्बर १ देखि ४ सम्म कार्यक्षेत्र रहेको केन्द्रले हरेक वर्ष महिलाहरूको सीप र आयआर्जनसँग सम्बन्धित कार्यक्रमलाई सञ्चालन गर्दै आएको मौवाफाँट सामुदायिक सिकाइ केन्द्र व्यवस्थापन समितिका अध्यक्ष मुक्तिनाथ शर्माले बताउनुभयो । उहाँका अनुसार, गाउँपालिकाले चालु आर्थिक वर्षमा आयआर्जन र सीपमूलक तालिमका लागि केन्द्रलाई रु एक लाख ७० हजार बजेट उपलब्ध गराएको छ।

महिलाहरूको क्षमता विकास र आयआर्जन सुधारसँगै सीप विकासका लागि आगामी वर्षमा सामुदायिक सिकाइ केन्द्रलाई थप व्यवस्थित बनाउने तयारी गरिएको गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत चेतनारायण भण्डारीले जानकारी दिनुभयो।

# घलेगाउँमा ग्रामीण पर्यटन प्रवर्द्धन तथा रजतजयन्ती समारोह हुँदै

**पोखरापत्र संवाददाता**
लमजुङ, १६ चैत

नेपालको प्रमुख ग्रामीण पर्यटन गन्तव्य घलेगाउँमा 'पर्यटन प्रवर्द्धन तथा रजतजयन्ती समारोह' आयोजना हुने भएको छ । बैंसीसहरमा शनिबार पत्रकार सम्मेलन गरेर कार्यक्रमबारे जानकारी दिइएको हो।




विसं २०५७ मा औपचारिक रूपमा ग्रामीण पर्यटनको सुरुआत गरेको घलेगाउँले २५ वर्ष पूरा गरेको अवसरमा आगामी वैशाख २३, २४ र २५ गते विशेष कार्यक्रम आयोजना गरिँदैछ। सो समारोहले घलेगाउँलाई थप पर्यटकीय केन्द्र बनाउने अपेक्षा गरिएको छ। घलेगाउँ पर्यटन व्यवस्थापन समितिको आयोजनामा हुने कार्यक्रममा स्थानीय संस्कृति, ग्रामीण भिलेज होमस्टे, साहसिक खेलकुद तथा विभिन्न सांस्कृतिक झलक प्रस्तुत गरिनेछन् । पर्यटन बोर्ड, स्थानीय तह, निजी क्षेत्र तथा सरोकारवाला निकायको सहकार्यमा कार्यक्रम सम्पन्न गरिनेछ। घलेगाउँ पर्यटन व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर घलेका अनुसार पर्यटन प्रवर्द्धनका लागि गुरुङ समुदायको परम्परागत नृत्य, झ्याउरे नाच, घाँटु नृत्य तथा अन्य सांस्कृतिक प्रस्तुति विशेष आकर्षणका रूपमा रहनेछन् । साथै पर्यटकलाई स्थानीय जीवनशैलीको अनुभव गराउन होमस्टे(घरबास) भ्रमण गराइनेछ । घलेगाउँलाई 'स्मार्ट भिलेज' का रूपमा विकास गर्ने लक्ष्यसहित यो कार्यक्रम आयोजना गरिँदैछ । वातावरणमैत्री प्रविधि, फोहर व्यवस्थापन, नवीकरणीय ऊर्जा प्रवर्द्धन तथा डिजिटल पूर्वाधार विकासमा ध्यान दिइनेछ । उहाँका अनुसार कार्यक्रमअन्तर्गत ग्रामीण पर्यटनको भविष्य, आवश्यक नीतिगत सुधार, सार्वजनिक-निजी साझेदारीका अवसरबारे छलफल गरिनेछ।

समारोहमा फुटसल, म्याराथन दौड, साइक्लिङ, साहसिक खेल आयोजना गरिनेछन् । विजेतालाई नगद पुरस्कार, ट्रफी तथा प्रमाणपत्र प्रदान गरिनेछ। फुटबल प्रतियोगितामा एमएससी क्लब बालिया (भारत), त्रिवेणी युवा क्लब बैंसीसहर, नाल्मा ११, बिवाइसी भोटेओडार, भूइँखेल फुटबल क्लब, अभिषेक चर्च, फ्रेण्डसिप युथ क्लब, गुन्नी फुटबल क्लब, सिवाइसी नेपाल तुरतुरे, रड्स रामपुर, एन्फा मनाङ र बँसीसहर युथ सोसाइटी सहभागी हुनेछन्।